# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

६ श्री गोर्षा महाराजवाट श्री ५ चीन वादशाहलाई अर्जि लेखि गयाको उप्रांत आकाश समान श्री ५ चीन वादशाहको हजुरमा पांच वर्षको मामुली अर्जि सौगात चह्राई दर्शन दण्डवट गर्न पठायाका सुवा भीमसेन रानाले हामीलाई लेष्याको अर्जिमा अघि श्री ५ चीन वादशाहलाई मानिरहन्याले श्री चीन वादशाहसंग कुल गरी लडन लाग्याको रहेछ भन्या षवर लेषि विंति गरि पठाउंदा हामी र हाम्रा मुष्य वजीर श्री प्राइम मिनिष्टर यान कम्याण्डर इन चीफ जनरल जङ्गवहादुर कुवर राणाजीलाई मनमा ठुलो फिक्रि लाग्यो यो षवर सुन्यापछि श्री ३ वादशाहका शरण पिछामा परि टाढा मुलुकमा वसी टहल गर्न्या हामीहरूले येस वखतमा पुग्यासंमको टहल मद्दत गर्नु हाम्रो धर्म हो येसैनिमित्त हाम्रा मुख्यवजीर १० हजार सिपाहि र चालिस टोप गोली गोला हान्न जान्या साधियाका सिपालु येस्ता येति फौजले येक लाष फौजसंग लडन सकन्याछन् येतिलाई चाहिन्या वारूद गोली गिराफ गोला पनि आहीबाट जान्या छ श्री चीन वादशाहवाट जाहा लडाजी गर्नु भन्या हुकुम वक्सनु होला उसै जगामा गै लडन्या छन् जसदिन फर्कि जाउ भन्या श्री चीन वादशाहवाट हुकुम होला उसै घडि फर्कि हाम्रा मुलुकमा आउनन् इ सिपाहिका व्याहान बेलुकालाई षाना षर्च के मैह्लाको रूपिया ५ का दरले भत्ता खर्च सिपाहिलाई षान्या भाडा सुतन्या बिछ्याउना समेत लडन्या सराजाम वोकन्या २५ हजार को अंदाजा भरिया चाहिनन् येति कुराको श्री चीन वादशाहवाट मेहेर भयो भन्या कुल गर्न्यासिंग लडाजि गर्न्यालाई हाम्रा वजीर फौज आहावाट पठाउछु जो हुकुम हामीसंग दौलथ क्रम छ दौलथको मेहेर भया यस्तो लडन सकन्यां फौज अरू पनि जतिसम्म हुकुम हुन्छ उतिसम्म फौज तयार हुछन् हामीलाई अघिदेषि श्री चीन वादशाहवाट सवै कुराको मेहेर दया करूणा रह्याको हुनाले येकत्व भै मानि येस्कुराको अर्जि विन्ति ल्हासाका अम्वा मार्फत चह्राई पठायाको छ । अर्जिमा तलमाथि पर्न गयाको माफ गरि वक्स्या जाला सम्वत १९१० साल मिति पौष शुदि १५ रोज ७ शुभम् ।

ल्हासाका मुतारिन् टुंतारिन् अम्वारलाई श्री ५ गोर्खा सर्कारवाट लेषि गयाको वेहोरा येस पटक पै चीन श्री ५ वादशाहका हजुरमा अर्जि सौगात चह्राउन जान्या सुवा भीमसेन रानाले हामीलाई लेष्याका अर्जिमा अघिदेषि श्री वादशाहलाई मानिरहन्याले श्री वादशाहसंग कुल गरि लडन लाग्याको रहेछ भन्या षवर विंति गरि पठाउँदा हामी र हाम्रा मुख्य वजीर श्री मह्राजकुमार कुमारात्मज श्री प्राइम मिनिष्टर यान कम्याण्डर इन चीफ जनरल जङ्ग वहादुर कुवर राणाजीका मनमा वहुतै ठुलो फिक्री लाग्यो यो षवर सुन्यापछि श्री ५ वादशाहका शरण पिछागरि मानिरह्याकाहरूले येस वखतमा पुग्यासम्मको मद्दत टहल गर्नु हाम्रो धर्म हो येस निमित्त हाम्रा मुष्य वजीर र १० हजार सिपाहि ४० टोप गोलि गोला हान्न जान्या साधियाका सिपालु येस्ता येति फौजले १ लाष फौजसंग लडन सकन्या छन् येतिलाई चाहिन्या वारुद गोलि गिराफ गोला पनि आहावाट जान्या छ श्री ५ वादशाह

वाट जाहा लडाञी गर्नु भन्या हुकुम बक्सनुहोला श्री ५ वादशाहको हुकुम शिर चह्लाई वादशाहका हुकुम वमोजिम उसै जगामा गै लडन्याछन् जस दिन फर्कि जाउ भन्या हुकुम होला उसै घडिमा फर्कि हाम्रा मुलुकमा आउनन् इ सिपाहिका व्याहान वेलुकालाई षाना खर्च के महिना १ के रू ५ रुपैञाका दरले भत्ता खर्च र सिपाहिलाई षान्या भाडा सुतम्या विछाउन्या समेत लडन्या सराजाम वोकन्या २५ हजारको अंदाजा भरिया चाहिन्या छन्. येति कुराको श्री ५ वादशाहवाट मेहेर भयो भया कुल गर्न्यासंग लडाञि गर्नालाई हाम्रा वजीर फौज ञाहावाट पठाउछु हामीसंग दौलत कम छ दौलतको मेहेर भया येस्तै लडन सकन्या फौज अरू पनि जतिसम्म हुकुम हुन्छ उति फौज तयार हुन्या छन् भन्या वेहोराको श्री वादशाहका हजुरमा अर्जि चह्लाइ पठायाको छ आफुहरू-ले तलमाथि पर्न गयाको वेहोरा सच्याई यो अर्जि श्री वादशाहका हजूरमा चह्लाई पठाउन्या काम गर्नु भया वढिया होला मामुली वाहेक अरू कुराको अर्जि चह्लाई पठाउन्या दस्तुर छैन भन्या आफुहरूका चित्तमा संका पर्न जाला यस्तो षत्रर आजसम्म सुनियाको थियेन यो षवर सुनियापछि हामीले श्री वादशाहका हजूरमा जाहेर गर्न्या अर्जि चन्हाई पठाउन्या धर्म हो भनि चन्हाई पठाया को छ यो अर्जि श्री वादशाहका हजुरमा चन्हाई पठाउन्या काम गर्नू भया वढिया होला १९१० साल माघ वदि २ रोज ह्लासाका श्री टुंतारिन् अम्वावाट श्री गोर्षा सर्कार लाई लेषि आयाको श्री ५ चीन वादशाहका हजूरमा चन्हाई पठाउन्या अर्जि वढिया लेषि विन्ति गरी पठायाको रहेछ तर पै चीन आकाश समान श्री ५ वादशाहलाई कुल गर्न्यासंग लडनलाई सिपाहि भारादार फौज वाकि रह्याको पनि धेरै छन् अव वन्दोवस्त पनि हुन लाग्यो मुलुक मुलुक पनि लौ सक्यो भन्या लेषि आयाको छ ति कुल्याहाहरू जम्मा भै आउंदा डरलाग्दो जस्ता पनि छ देवताको कोपले वैरिको सुर पनि घटि जान्छ लडन सकन्या छैन. वादशाहले सिपाहिले भस्म गरि छोडला आफु वाङ टाढा राज्यकाले सिपाहिहरू पठाउला भंदाबाट घाटमा दुष पाउला तैपनि श्री वादशाह-का टहल सक्यासम्म गरौंला भनि चित्तमा राष्याको हुनाले ५ वर्षको मामुली अर्जि लेषि बाहेक विचमा अर्जि चन्हाई पठाउन्या दस्तुर छैन तपनि अर्जि ञाहा नछेकि श्री ५ वादशाहका हजूरमा चन्हाई पठायाको छ जो हुकुम आउला लेषि पठाउला हाङफोङ ४ साल ५ महिनाका ७ दिन जांदा—

[ राष्ट्रिय अभिलेखालयमा संग्रहित ढड्डू पुस्तकमा क्रमसंख्या तलमाथि परेकोले सोही अनुसार यहाँ दिइएको छ। — सम्पादक ]